२०८१ आसार ४

मानिनीय उपप्रधानमन्त्री तथा गृह मन्त्रीज्यू
नेपाल सरकार
सिंहदरबार काठमाण्डौं ।

विषय : ताप्लेजुङ जिल्लामा भएको प्राकृतिक विपत्तिका बारेमा ।

उपरोक्त विषयमा मिति २०८१ जेष्ठ ३० गते यतादेखि परेको अविरल वर्षाका कारण ताप्लेजुङ जिल्लाका विभिन्न स्थानमा आएको बढी र पहिरोले हालसम्म पाँच जनाको मृत्यु भएको छ भने ठूलो मात्रामा भौतिक क्षतिभएको छ । दर्जनौ घरमा भएको क्षतिले सयौको संख्यामा मानिसहरु विस्थापित भएका छन् । पक्की, झोलुङ्गे र काठे पुल तथा सडकहरुमा भएको क्षतिले यातायातका साधनहरु सन्चालन हुन नसक्ने गरी विभिन्न स्थानमा आवतजावत तथा यातायात समेत अबरुद्ध भएको छ । ठूलो मात्रामा पशु/ चौपाया तथा बाली नाली नोक्सान भएको छ ।
जिल्ला प्रशासन कार्यालय, स्थानीय जनप्रतिनिधि, स्थानीय सञ्चारकर्मी लगायत बिभिन्न माध्यमबाट प्राप्त क्षतिको विवरण सहित हामी ताप्लेजुङ जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाका सदस्यहरु निम्न माग सहित तत्काल गर्नु पर्ने कामका लागि सरकारको गम्भीर ध्यानाकर्षण गर्दछौ ।

१. मानवीय क्षति भएका परिवारलाई तत्काल राहत दिन र घाइतेहरुको उपचारको उचित व्यवस्था गर्न ।
२. आवास गुमाएकाहरुलाई तत्काल अस्थायी आवासको व्यवस्था गर्न र घर निर्माणका लागि सहयोग गर्न ।
३. खाद्ययान, लत्ताकपडा, भाँडाकुँडा लगायत दैनिक आवश्यक वस्तुहरुको व्यबस्था तत्काल गर्न ।
४. पुल तथा सडकको पुनः निर्माण गरी यातायात र आवतजावत सुचारू गर्न ।
५. जोखिममा रहेका वस्तिहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ति विकास कार्यक्रम अघि बढाउन ।
६. खानेपानी, संचार तथा बिद्युत आपूर्ति शुचारु गर्न ।
७. जिल्लावासीहरुको डिजिटल अभिलेख व्यवस्थित गरी प्राकृतिक विपत्तिको पूर्वसूचना दिने व्यवस्था मिलाउन ।
८. छिटो उद्धार गर्न र घाइतेहरुलाई तत्काल अस्पताल पुऱ्याउनका लागि ठाउँ/ठाउँमा सुरक्षाकर्मीहरू खटाउन ।
९. क्षती भएका पशु/ चौपाया तथा बालिनालीको क्षतिपुर्तिको व्यबस्था गर्न ।
१०. अघिल्लो वर्षको बाढी पहिरोबाट क्षति भएका आवास निर्माणको लागि पहिचान भएका लाभग्राहीहरुको रकम तत्काल निकासा गर्न ।
११. विद्यालय भवन, लिम्बु संग्राहलय लगायत क्षतिभएका संरचनाहरुको तत्काल निर्माण गर्न र जोखिममा रहेकाहरुलाई तत्काल उपयुक्त व्यवस्था मिलाउन ।
१२. राष्ट्रिय विपद जोखिम ताथा व्यवस्थापन प्राधिकरणबाट जिल्ला विपद व्यवस्थापन समिती ताप्लेजुङमा तत्काल निम्न सामाग्री उपलब्ध गराउन ।

**सामाग्रीको विवरण**

| क.सं | समामाग्री | माग संख्या |
|---|---|---|
| १ | डेडवढी व्याग | ५० थान |
| २ | पाल टेण्ट ( अस्थायी आवासका लागी) | १००० थान |
| ३ | व्यालङकेट | १००० थान |

| | | |
|---|---|---|
| ४ | टर्च लाईट | १०० थान |
| ५ | म्यार्टेस | २०० थान |
| ६ | लाईभ ज्याकेट | १०० थान |
| ७ | ट्युव (रेस्क्यु) | १०० थान |
| ८ | तत्काल रहात खानेकुरा प्याकेट | १००० थान |
| ९ | रेस्क्यु रोप | १००० थान |
| १० | उड कटर | १० थान |
| ११ | सावेल | १०० थान |
| १२ | ह्लेलमेट | ५०० थान |
| १३ | स्ट्रेभर | १०० थान |

योगेश भट्टराई प्रतिनिधिसभा सदस्य
उर्मिला थेबे प्रतिनिधिसभा सदस्य
लिलादेवी वोखिम (लिम्बु) प्रतिनिधिसभा सदस्य

# क्षतीको विवरण

**मृतकको नामवली**

- जिल्ला ताप्लेजुङ फक्तालुङ गापा वडा नं २ बस्ने बर्ष ७० को राम बहादुर साम्रा लिम्बु
- जिल्ला ताप्लेजुङ फक्तालुङ गापा वडा नं. २ बस्ने बर्ष ४८ की जसमाया लिम्बु
- जिल्ला ताप्लेजुङ फक्तालुङ गापा वडा नं. २ बस्ने बर्ष १० की गंगा लिम्बु
- जिल्ला ताप्लेजुङ फक्तालुङ गापा वडा नं. २ बस्ने बर्ष १० की जमुना लिम्बु
- जिल्ला पाँचथर फिदिम नगरपालिका वडा नं. १४ आखे बस्ने अन्दाजी वर्ष २५ को सबिन राई

**घाईतेको बिबरण**

- फक्ताङलुङ गापा-०२ खेजेनिम बस्ने योगेन्द्र साम्रा लिम्बु
- फक्ताङलुङ गापा-०२ खेजेनिम बस्ने वर्ष ४ की निशा साम्रा लिम्बु

**पुर्ण क्षती भएको आवासहरु**

- फक्तालुङ गापा २ टिन्जा स्थितमा ऐ ऐ २ बस्ने फक्तालुङ गापाको उपाध्यक्ष रबिन लिम्बुको बुवा राम बहादुर लिम्बुको ढुङगा माटोले बनेको टिनको छानो भएको २ तले मुलघर माथीबाट झरेको पहिरोले घर पुरी पुर्ण रुपमा क्षति भएको
- फक्ताङलुङ गापा-०२ खेजेनिम बस्ने योगेन्द्र साम्रा लिम्बुको ढुङ्गा माटोले बनेको टिनको छानो भएको २ तल्ले घर माथि ढुङ्गा माटोको ढिक्को झरी घर बस्न नमिल्ने गरी पुर्ण रुपमा क्षति भएको
- सिरीजंघा गापा ७ गैरी बस्ने अन्दाजी बर्ष ४२ को मनराज लिम्बुको (पु २, म ३ गरी ५ जनाको परिवार) काठले बनेको ३ तले घर पुर्ण रुपमा क्षति भई बस्न योग्य नरहेको

- सिरीजंघा गापा ७ गैरी बस्ने शुक्रराज लिम्बुको (पु ५ महिला ३ गरी ८ जनाको परिवार) ढुङ्गा माटोको गाह्रो टिनको छानो भएको २ तले घर पुर्ण रुपमा क्षति भई बस्न योग्य नरहेको

**विस्थापित घर परिवार ( असार २ गते सम्मको विवरण**

| | |
|---|---|
| आइतबिर लिम्बु | मिक्वाखोला गा.पा.५ तान्खु |
| मन कुमार लिम्बु | नभएकोमिक्वाखोला गा.पा.५ तान्खु |
| मोहन लिम्बु | मिक्वाखोला गा.पा.५ तान्खु |
| सितामाया लिम्बु | फुङलिङ नपा ०६ पाथिभरा चोक |
| सुमन लिम्बु | फुङलिङ नपा ०६ पाथिभरा चोक |
| कमल लिम्बु | फुङलिङ नपा १० |
| सन्तोष पौडेल | फुङलिङ नपा १० |
| नविन राई | फुङलिङ नपा १० |
| पेम्बा शेर्पा | फुङलिङ नपा १० |
| भक्तिहाङ लिम्बु | फुङलिङ नपा १० |
| बेत कुमार भट्टराई | फुङलिङ नपा १० |
| मिण्डु शेर्पा | मैवाखोला गापा-०५ मयुर डाँडा |

सिरिजंघा गाउपालिका मामाङखे मा २४ घर र सिदिङवा गाउँपालिकामा २१ घर विस्थापित भएको ।

**सडक अवरुद्ध र क्षती**

- फक्ताङलुङ गा.पा. ५ सागु फेदि स्थितमा रहेको सिसवा खोलामा बनाएको गाडी तर्ने काठको पुल बगाएकोले बाटो अवरोध भएको
- मिक्वाखोला गापा ३ च्यानडाँडा स्थितमा पहिरो गई भित्री कच्ची सडक खण्ड अबरोध भएको
- मिक्वाखोला गा.पा -१ शान्ती चोक स्थितमा रहेको भष्मे खोलामा पहिरो गई बाटो अवरोध भएको
- फुङलिङ नपा १० सुकेटार काफ्लेपाटी सडक खण्डको सेवारो चोक स्थितमा पहिरो गई बाटो पुर्ण रुपमा अवरोध भएको
- सिरीजंघा गापा ०१ पंचमी स्थित तेल्लोक थर्पु सडक खण्डको सोरसुङ्गा खोल्सामा पानीको बहाब बढी अन्दाजी ७ मिटर जति बाटो बगाई/कटान गरी लगेको, माथिबाट ढुङ्गाहरु समेत बाटोमा आई थुप्रिएकोले तत्काल बाटो अवरोध भएको
- फक्ताङलुङ गा.पा. ५ सागु फेदि स्थितमा रहेको सिसवा खोलामा आएको बाढीले उक्त खोलामा गाडी तार्न बनाएको काठको पुल बगाएको
- फक्तालुङ गा.पा -३ स्थित तमोर करिडोर जोड्ने सिस्ने खोलामा आएको बाढीले सोही खोलामा बन्दै गरेको नब निर्मित पुलको पिलर बगाएको
- फुनपा १० र फक्ताङलुङ गापा ३ जोड्ने सिस्ने खोलामा रहेको झोलुङगे पुल बाढीले बगाएको
- फुङलिङ नपा १० र फक्ताङलुङ गापा ३ जोड्ने सिस्ने खोलामा राखेको काठे पुल बाढीले बगाएको

**पशु चौपायाको क्षती**

- फक्तालुङ गा.पा.-५ बस्ने हेमलाल लिम्बुको गोठवाट गाईको १ वटा बाछो बगाएको
- फूङलिङ न.पा -१० बस्ने खेम नाथ लिम्बुको सुगुरको २ वटा पाठो बाढीले बगाएको
- फक्तालुङ गापा २ टिन्जा स्थितमा ऐ ऐ २ बस्ने फक्तालुङ गापाको उपाध्यक्ष रबिन लिम्बुको १ वटा बाख्रा फर्म समेत पहिरोले बगाउँदा ४८ वटा बाख्रा र २ वटा सुंगुर मरेको

- सिरिजंघा गापा-०४ खेसेवा बस्ने भवानी प्रसाद गुरुङको घर नजिकै रहेको गोठमा पहिरो जाँदा गोठ भित्र बाधेको १ वटा भैसी मृत्यु भएको, सोही गोठमा रहेको गाईको बाछी १ वटा घाईते भएको
- सिरीजंघा गापा ७ गैरी बस्ने मनराज लिम्बुको १ सुंगुर, ३ बाखा, २ खसी, ५ वटा पाठा बगाएको
- सिरीजंघा गापा ७ गैरी बस्ने शुक्रराज लिम्बुको ५ वटा बाखा मरेको
- सिदिङ्वा गापा वडा नं. ४ बस्ने मान बहादुर लकान्द्रीको घर माथिबाट पहिरो झरी १ सुंगुर मरेको
- ताप्लेजुङ मिक्वाखोला गा.पा.५ तान्खु बस्ने आइतबिर लिम्बुको २० वटा कुखुरा पहिरोले लगेको
- सिदिङ्वा गापा वडा नं. ४ बस्ने मानबहादुर लकान्द्रीको घर माथिबाट पहिरो झरी बगाउँदा ११ वटा कुखुरा समेत मरेको
- फक्तालुङ गापा वडा नं २ टिन्जा बस्ने फक्तालुङ गापाको उपाध्यक्ष रबिन लिम्बुको बाखा फर्म पहिरोले बगाई क्षति भएको
- फक्तालुङ गा.पा.-५ बस्ने हेम लाल लिम्बुको गोठमा बाधी राखेको गाईको गोठ बगाई लगेको
- सिरिजंघा गापा-०४ खेसेवा बस्ने भवानी प्रसाद गुरुङको गोठमा पहिरोले क्षति पुऱ्याएको

**जलविधुत आयोजनाको क्षती**

- मिक्वाखोला गा.पा. ३ स्थित ताक्तेम हाडी खोलामा बाढी आएकोले सोही खोलाबाट निकालिएको हाडी खोला जलबिधुत आयोजनाको मुहानबाट अ. ३०/३५ मिटर पाईप बगाई बिधुत अवरोध भएको

**सवारी साधनको क्षती**

- हिमालयन कन्ट्रक्सन प्रा.लि. ताप्लेजुङको २२५ CC को स्काईभेटर पहिरोबाट क्षति भएको
- मे १ त ७९६९ नं. को ट्रयाक्टर पहिरोले बगाएको
- फुङलिङ नपा ०९ हिरिया खोला स्थितमा मित्लुङबाट ताप्लेजुङ सदरमुकाम तर्फ आउँदै गरेको मे १ ज २५७९ नं. को बोलेरो गाडीको स्टार्ट बन्द भई खोला माथिबाट आएको लेदो सहितको बाढीले उक्त बोलेरो गाडी बगाई १५ मिटर तल पुऱ्याएको
- फुङलिङ न.पा. १० भालुगौडे स्थित कच्ची सडक खण्डमा काफ्लेपाटीबाट ताप्लेजुङ बजार तर्फ जादै गरेको को १ झ २९५८ नम्बरको बोलेरो गाडीलाई माथिबाट पहिरो झरी पुरी गाडी आंशिक रुपमा क्षति भएको

**जमिन क्षती (अषाढ २ गते सम्मको प्राप्त विवरण)**

- फुङलिङ नपा र फक्ताङलुङ गापा जोड्ने सिस्ने खोला छेउमा रहेको अलैंची बगान समेत कटान गरी बगाई क्षति पुऱ्याएको (धनीको नाम नखुलेको)
- मिक्वाखोला गा.पा. ५ तान्खु मन कुमार लिम्बुको १२ रोपनी जग्गामा लगाएको अलैचीबारी बगाई अमुरु ५०००००।- (पाँचलाख बराबर) को क्षति भएको ।
- मिक्वाखोला गा.पा. ५ तान्खु बाह्रधर्क शेर्पाको ३ रोपनी जग्गामा लगाएको अलैचीबारी बगाई अमुरु. १६००००- (एकलाख साठी हजार) बराबरको क्षति भएको ।
- मिक्वाखोला गा.पा. ५ तान्खु लाक्पा फुटी शेर्पाको ४ रोपनी जग्गामा लगाएको अलैचीबारी बगाई अमुरु. ३०००००।- (तीनलाख ) बराबरको क्षति भएको ।
- मिक्वाखोला गा.पा. ५ तान्खु पुष्पा लिम्बुको २ रोपनी जग्गामा लगाएको अलैचीबारी बगाई अमुरु. ८००००।- (असी हजार) बराबरको क्षति भएको ।

- मिक्वाखोला गा.पा. ५ तान्खु राजकुमार लिम्बु (क) को ५ रोपनी जग्गामा लगाएको अलैचीबारी बगाई अमुरु. ३०००००।- (तीनलाख ) बराबरको क्षति भएको ।
- मिक्वाखोला गा.पा. ५ तान्खु पुर्ण साँवा लिम्बुको ३ रोपनी जग्गामा लगाएको अलैचीबारी बगाई अमुरु. १६००००- (एकलाख साठी हजार) बराबरको क्षति भएको ।
- मिक्वाखोला गा.पा. ५ तान्खु राजकुमार लिम्बु (ख) को ३ रोपनी जग्गामा लगाएको अलैचीबारी बगाई अमुरु. १६००००- (एकलाख साठी हजार) बराबरको क्षति भएको ।
- मिक्वाखोला गा.पा. ५ तान्खु मान कुमार लिम्बुको ३ रोपनी जग्गामा लगाएको अलैचीबारी बगाई अमुरु. १६००००- (एकलाख साठी हजार) बराबरको क्षति भएको ।